बैठक संख्याः २३

मितिः २०८० जेष्ठ ०८ गते सोमबार

समयः विहान ८ वजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा। |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री नारायंण न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

निर्णय प्रमाणित

२०८०।२।८

२०८० जेष्ठ ८ गते

नैटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नैटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

बैठक संख्याः २३

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | ठेक्का प्रक्रिया रद्द सम्बन्धमा। | राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति खुमलटार ललितपुरको च.नं. २५७ मिति २०७९।११।१७ गतेको सहमति पत्रानुसार यस कार्यालयले चिसाङ खोलाको पाटिखेत र लामिटार नाकाबाट ६०,०००।– घनमिटर नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्न मिति २०७९।११।२६ गते बोलपत्र आह्वान गरिएकोमा सलासर कन्स्ट्रक्सन प्रा.लि. सुन्दर हरैचा, पाथीभरा कन्स्ट्रक्सन इटहरी ५ र काबिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनीको बोलपत्र दर्ता हुन आएकोमा काबिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रा.लि. पथरी सनिश्चरे-१० को बोलपत्र स्वीकृत गरी सम्झौता गर्न बोलाइएको थियो। सम्झौता गर्ने प्रक्रिया र चरणकै वखतमा २०८०।०१।१० गते चिसाङ खोला सिचाई सञ्चाल समिति लेटाङ नगरपालिका मोरङले उक्त क्षेत्रमा उत्खनन् नगर्न र उत्खनन् गरे सोबाट हुन जाने जन धनको क्षति स्वयं नगरपालिकाले बेहोर्नु पर्नेछ भन्ने बेहोराको निर्णय यस कार्यालय तथा जिल्ला प्रशासन कार्यालय मोरङ, डिभिजन वन कार्यालय मोरङ, राष्ट्रपति चुरे संरक्षण कार्यालय र प्रदेश सरकार समेतमा प्रेसित गरेको साथै स्थानीय नागरिक तथा सरोकारवालाहरुबाट समेत सामाजिक सञ्चालमार्फत सो क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन् नगर्न नगराउन र बलजफ्ती गरी उत्खनन् गरेमा परिणाम गम्भीर हुने आसयका आवाजहरु सम्प्रेषण भएका थिए। उत्खनन् गर्ने भनिएको उक्त क्षेत्रमा लेटाङ नगरपालिका वडा नं. १, २, ३ र बेलबारी नगरपालिका १, केराबारी गाउँपालिका ९, लेटाङ नगरपालिका वडा नं. ५ र ६ समेतका किसानहरुले सिञ्चित गर्ने कुलो पैनी नहरको मुहान रहनुका साथै वडा नं. १,२ र ३ का नागरिकहरुले पिउने पानीको डगवेल समेत रहेको हुँदा सो क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् नगर्न नगराउन भनी सरोकारवाला नागरिकहरु पटक पटक नगरपालिकामा आई चेतावनी सहितका अभिव्यक्तिहरु राखेका थिए। यस कार्यालयबाट पनि सम्बन्धित सरोकारवालाहरुसँग सम्वाद, सहकार्य र सहमतिको अथक प्रयास जारी थियो। उल्लिखित उत्खनन् कार्य गर्न सम्बन्धित निर्माणव्यवसायीसँग सम्झौता गर्ने तयारीकै अवस्थामा पुनः माथि उल्लिखित सरोकारवालाहरु लगायत नागरिकस्तरबाट ब्यापक विरोध र गुनासोहरु आए पश्चात नागरिकहरुको गुनासा र असहमतिलाई नगरअन्दाज गरी एकतर्फी रुपमा नगरपालिकाले सम्झौता गरी कार्यान्वयनमा जाँदा मुठभेडको अवस्था सिर्जना भै |

भुपेन्द्रकुमार लावती
[illegible] प्रमुख

| | | |
|---|---|---|
| | | जन,धनको क्षति हुनुका साथै निर्माणव्यवसायीका मेशिनरी औजार उपकरणहरु समेतमा क्षति पुग्न जाने सम्भावना देखिएको साथै नदीजन्य पदार्थ उत्खनन् गर्न प्रचलित कानून, मापदण्ड र सम्बन्धित निकायको सहमति अनुसार तोकिएको परिमाण उत्खनन् गर्ने समय पर्याप्त नहुनु, स्थानीय स्तरको व्यापक विरोध, असहमति रहनु, ठेक्का सम्झौता गरी कार्यान्वयनमा जाँदा मुठभेडको अवस्था सिर्जना भै जनधनको क्षति हुने अवस्था समेतलाई मध्यनजर गरी उक्त ठेक्का सम्झौता गरी कार्यान्वयनमा जानु भन्दा सम्झौता प्रक्रिया स्थगन गरी ठेक्का प्रक्रिया रद्द गर्न उपयुक्त देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा १(ग) अनुसार मिति २०७९।११।२६ मा गरिएको बोलपत्र रद्द गरी निर्माण व्यवसायी काबिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनीले सोही प्रयोजनका लागि दाखिला गरेको धरौटी सहितको कबूल रकम फिर्ता गर्ने सर्वसम्मत निर्णय गरियो। |
| २ | विपद् सम्भावित क्षेत्र सम्बन्धमा। | यस नगरपालिका क्षेत्रभित्र आउनसक्ने लामिटार र पार्टीखेत क्षेत्र लगायत अन्य क्षेत्रको नदिजन्य विपद् तथा सबै किसिमका विपद् सम्भावित क्षेत्रहरूको पहिचान गरी तुरून्त उक्त क्षेत्रको जोखिम न्यूनिकरण तर्फ काम अघि बढाउने। |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख